छत्रकोट गाउँपालिका
Chhatrakot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चोयगा, गुल्मी
Choyaga, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Ref. No.: ०८०/८१ (080/81)
च.नं./Dis. No.: ५५

भैंसी प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१०/१५**

आ. व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार भैंसी प्रबर्द्धन कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको पशु सेवा शाखामा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क्र. स. | कार्यक्रम | न्यूनतम मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदानको सिमा |
|---|---|---|---|---|
| १. | भैंसी प्रवर्द्धन कार्यक्रम | • समूह/सहकारी/फर्म/कम्पनीले ३ वटा माउ भैंसी सहित ५ वटा भैंसी पालेको हुनु पर्ने ।<br>• समूह/सहकारीको हकमा कम्तिमा २५ माउ भैंसी पालन गरेको हुनु पर्ने ।<br>• पशुहरुको बिमा गर्ने अभ्यास भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने । | १. गोठ निर्माण/सुधार<br>२. मेसिनरी औजार, सामाग्री<br>३. उन्नत घाँस खेति कार्यक्रम<br>४. नश्ल सुधार कार्यक्रम<br>५. औषधि उपचार तथा खोप कार्यक्रम<br>६. जैविक सुरक्षा कार्यक्रम | १.पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत<br>२.अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>३. फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम रु. २ लाख र समूह/सहकारीको हकमा अधिकतम रु. ५ लाख सम्म अनुदान दिन सकिने । |

संलग्न गर्नु पर्ने कागजातहरु:
१. प्रस्तावकको निवेदन । (अनुसूची ३४ बमोजिमको ढाँचामा)
२. दर्ता / नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समूह / निजी फर्म / कम्पनी / सहकारी )।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. कार्यक्रम संचालनका लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार अनुसूची ३७ बमोजिम) ।
५. दोहोरो अनुदान नलिएको स्वःघोषणा (अनुसूची ४१ बमोजिम)।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान ।
१०. जग्गा धनि दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा करार पत्र ।
पुनश्चः यो कार्यक्रम छत्रकोट गाउँपालिका वडा नं. ३, हर्दिनेटामा लागु हुनेछ ।
थप जानकारीका लागि पशु सेवा शाखाको सम्पर्क नम्बर ९८४७३५१६४४ मा सम्पर्क गर्न सकिनेछ।

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
१.श्री सूचना प्रविधि शाखा
२.श्री ३ नं. वडा कार्यालय, छत्रकोट-३, हर्दिनेटा, गुल्मी ।